# ३३ औं कार्यपालिका बैठक

आज मिति २०८१ साल भाद्र २६ गतेका दिन यस गौरीशंकर गाउँपालिकाको अध्यक्ष श्री विश्वास कार्कीको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री विश्वास कार्की |
| २. | उपाध्यक्ष | श्री |
| ३. | कार्यपालिका सदस्य | श्री प्रकाश बहादुर खड्का |
| ४. | " | श्री रोहित बुढाथोकी |
| ५. | " | श्री युग बहादुर बस्नेत |
| ६. | " | श्री शिवहरी खत्री |
| ७. | " | श्री सुन्दर खड्का |
| ८. | " | श्री निमासाङगे शेर्पा |
| ९. | " | श्री सोनाम शेर्पा |
| १०. | " | श्री दावारेन्जी शेर्पा |
| ११. | " | श्री डिम्मगेली शेर्पा |
| १२. | " | श्री गंगा चर्माकार सार्की |
| १३. | " | श्री देवी घतानी |
| १४. | " | श्री जिमी शेर्पा |
| १५. | " | श्री डोमा शेर्पा |
| १६. | " | श्री आङदोर्जी शेर्पा |
| १७. | " | श्री लानुरी शेर्पा |
| १८. | प्र.प्र.अ. | श्री चक बहादुर घर्ती |

यु॥२।८४

गौरिशंकर गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

**प्रस्ताब नम्बर : १ रिक्त पदको करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** यस गाउँपालिकाको कार्यालय तथा मातहातका कार्यालयबाट सार्वनिक सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी, गुणस्तरीय तथा सबैको समान पहुँचमा पुर्याउनको लागि यस, कार्यालय मातहतमा रहेको तपसिलको दरबन्दीमा करार कर्मचारी पदपुर्ति गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १ | कृषी प्राविधिक सहायक | पाचौं | १ (एक) |
| २ | पशु स्वास्थ्य प्राविधिक | पाचौं | २ (दुई) |
| ३ | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो | २ (दुई) |
| ४ | कम्प्युटर अपरेटर | पाचौं | १ (एक) |
| ५ | सहायक कम्प्युटर अपरेटर | चौथो | १ (एक) |

**प्रस्ताब नम्बर : २ हलेश्वर आधारभूत विद्यालयलाई नि.मा.वि. दरबन्दी प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** यस गाउँपालिका वडा नं ५ मा संचालित श्री हलेश्वर आधारभूत विद्यालयलाई विषयगत दरबन्दी अभाबको कारण शिक्षण सिकाई प्रक्रियामा समस्या उत्पन्न भएको हँदा प्रभाबकारी तथा गुणस्तरीय शिक्षा प्रदान गरी शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि नि.मा.वि तहको १ शिक्षक दरबन्दी प्रदान गर्ने निर्णय गिरियो ।

**प्रस्ताब नम्बर ३ : होन्डङ ढुङगा बालकक्षा व्यवस्थापन सम्बन्धमा**

**निर्णय नम्बर ३ :** यस गाउँपालिका वडा नं ५ साविक ६ को लामाटोलमा बालकक्षा स्थापना गरि बालवलिकालाई नेपालको संविधान र शिक्षा ऐन तथा नियमावलीले प्रदान गरेको शिक्षा सम्बन्धि हकलाई पुरा गर्नको लागि बालकक्षा व्यवस्थापनको लागि आवश्यक फर्निचर र शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ४ : शिक्षक/कर्मचारीले सरकारी, गैरसरकारी लगाएत वित्तीय संघ संस्थामा प्रतिबन्ध सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** यस गाउँपालिकाभित्र संचालित सरकारी कार्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले सरकारी, गैरसरकारी लगाएत कुनै पनि वित्तीय संघ संस्थामा कार्यकारी पदधारण गर्न नपाउर्ने साथै संघ, प्रदेश तथा स्थानीय तहबाट संचालन गरिने विकास निर्माणको उपभोक्त समितिमा समेत रहन नपाउने व्यवस्थाको निर्णय गरियो ।

**प्रस्ताब नम्बर ५ : पञ्चेबाजा संरक्षणको लागि आर्थिक व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ५ :** उपर वडा नं ३ मा रहेको पुरानो गाँउ पञ्चेबाजा संरक्षण सम्बद्धन तथा व्यवस्थापनको लागि रु २००००० अक्षरुपी दुई लाख रुपैया वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ६ : म्याद थप सम्बन्धमा ।**

**निर्णय नम्बर ६ :** उपर तिनेखुखोला जलविद्युत आयोजना (९९० किलोवाड) को लागि जारी भएको ११ के. भी. विद्युत प्रशारण लाईनको सर्वेक्षण अनुमती पत्रको म्याद २०८०/०८/२६ गते समाप्त भएको भनि निवेदन पेस गरिएको हुँदा मिति २०८१/०८/२५ सम्मको लागि म्याद थप गरिदिने निर्णय गरियो ।

विश्वास कार्की
अध्यक्ष

**प्रस्ताव नम्बर ७ : विपद व्यवस्थापनमा खर्च भएको रकम भुक्तनी दिने सम्बन्धमा ।**

**निर्णय नम्बर ७ :** उपर गाउँपालिकाको विभिन्न स्थानहरुमा वर्षा याममा गएको बाढी पहिरोको कारण क्षती पुर्याएको सडक तथा विपदजन्य अन्य कार्यहरुको व्यंवस्थान गरेबापत तपसिल अनुसारको भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ८ : शिक्षक काज सरुवा सम्बन्धमा ।**

**निर्णय नम्बर ८ :** उपर टासिनाम आधारभूत विद्यालय गौरीशंकर ९ मा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री गोपाल खडकालाई हलेश्वर मा.वि र हलेश्वर मा.वि गौरीशंकर ५ सुरीमा कार्यरत प्राथमिक शिक्षक( करार) श्री नविन खडकालाई टासिनाम आधारभूत विाद्यालय गौरीशंकर ९ मा दुबै विद्यालयको व्यवस्थापन समितिको सहमती अनुसार काज सरुवा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : बाटो सरसफाई तथा रुख कटान सम्बन्धमा ।**

**निर्णय नं. ९ :** यस गौरीशंकर गाउँपालिका वडा नं. ५ स्थित चनमारा पालिका जाने सडक वरिपरी बाटो सरसफाई तथा रुख कटान कार्य सम्पन्न गरे बापत रु.३६०००।- (अक्षरुपी छत्तिस हजार रुपैँया मात्र) भुक्तानि दिने निर्णय गरीयो ।

**प्रस्ताव नं. १० : कामकाजको लागी अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय नं. १० : यस गाँउपालिकाका अध्यक्ष श्री विश्वास कार्कीलाई कार्यालय प्रयोजनका लागि तपसिलको मिति र स्थानमा सहभागी गराउने निर्णय गरियो ।

तपसिल

| मिति | | स्थान |
|---|---|---|
| देखि | सम्म | |
| २०८१/०६/०१ | २०८१/०६/०७ | काठमाण्डौ |
| २०८१/०६/०९ | २०८१/०६/१५ | काठमाण्डौ |
| २०८१/०६/१७ | २०८१/०६/२२ | काठमाण्डौ |

विश्वास कार्की
अध्यक्ष